# गुल्मीदरबार गाउँपालिका / नव प्रभात युवा संघ, गुल्मी

# शिलबन्दी दरभाउ  पत्रको सूचना आवह्वान

**दोस्रो पटक प्रकाशित सूचनाः २०७९/११/२०**

**शिलबन्दी दरभाउपत्रको सूचना नं. NPYS/SQ/GP-01/2079-080**

**(गुल्मीदरबार कृषि तथा पशु उद्यमशिलता विकास परियोजना)**

गुल्मीदरबार गाउँपालिका र हेफर प्रोजेक्ट नेपालको आर्थिक तथा प्राविधिक सहयोगमा नव प्रभात युवा संघ (NPYS) गुल्मीको सहजिकरणमा गुल्मीदरबार गाउँपालिकामा संचालित गुल्मीदरबार कृषि तथा पशु उद्यमशिलता विकास परियोजनामा आवश्यक उन्नत जातका बाख्राहरू वितरणको लागि सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ अनुसार खरिद गर्नुपर्ने भएकोले योग्य फर्म, कम्पनी, सहकारी संस्थालाई मिति २०७९।११।२० गते सूचना प्रकाशन भएको मितिले १५ दिन अर्थात २०७९।१२।०४ गतेका दिन कार्यालय समय भित्रमा १,००० रूपैयाँ (फिर्ता नहुने) दस्तुर तिरी नव प्रभात युवा संघको कार्यालय तम्घास गुल्मीबाट शिलबन्दी दरभाउपत्र सम्बन्धी कागजात खरिद गरी सूचना प्रकाशन गरेको मितिबाट १६ औ दिन अर्थात २०७९।१२।०५ गतेको दिनको १२:०० बजे भित्र नव प्रभात युवा संघको कार्यालय तम्घासमा पेश गर्नका लागि शिलबन्दी दरभाउपत्र (कोटेसन) आव्हानको सूचना प्रकाशन गरिएको छ। शिलबन्दी दरभाउपत्र पेश गर्नु पर्ने कागजात पेश गर्ने तरिका तथा यस सूचना सम्बन्धी विस्तृत जानकारी गुल्मीदरबार गाउँपालिकाको वेवसाइट www.gulmidarbarmun.gov.np सूचना पाटी वा npys.gulmi@gmail.com, ९८५७०६४९३७ र ९८४७२२४६२४ बाट प्रप्त गर्न सकिनेछ ।

**गुल्मीदरबार गाउँपालिका / नव प्रभात युवा संघ, गुल्मी**

**शिलबन्दी दरभाउ पत्रको सूचना आव्हान**

**दोस्रो पटक प्रकाशित सूचनाः २०७९/११/२०**

शिलबन्दी दरभाउपत्रको सूचना नं. NPYS/SQ/GP-01/2079-080

**(गुल्मीदरबार कृषि तथा पशु उद्यमशिलता विकास परियोजना)**

गुल्मीदरबार गाउँपालिका र हेफर प्रोजेक्ट नेपालको आर्थिक तथा प्राविधिक सहयोगमा नव प्रभात युवा संघ (NPYS) गुल्मीको सहजिकरणमा गुल्मीदरबार गाउँपालिकामा संचालित गुल्मीदरबार कृषि तथा पशु उद्यमशिलता विकास परियोजनामा आवश्यक उन्नत जातका बाख्राहरु वितरणको लागि सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ अनुसार खरिद गर्नुपर्ने भएकोले योग्य फर्म, कम्पनी, सहकारी संस्थालाई तपशिल बमोजिमको शर्तहरुको अधिनमा रही यो शिलबन्दी दरभाउपत्र (कोटेसन) आव्हानको सूचना प्रकाशन गरिएको छ ।

<u>शिलबन्दी दरभाउ पत्रको विवरण</u>

| क्र स | वस्तु तथा सामग्रीको नाम | परिमाण | स्पेशिफिकेसन | जमानत रु | शिबन्दी दरभाउपत्र फाराम दस्तुर | शिलबन्दी दरभाउपत्र मान्य हुने अवधी | शिलबन्दी दरभाउपत्र खरिद गर्ने अन्तिम मिति र समय | दर्ता गर्ने अन्तिम मिति र समय | शिलबन्दी दरभाउपत्र खोल्ने मिति र समय |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | प्रजनन् योग्य पाठी तथा माउ बाख्रा | १२० | १. जातः उन्नत तथा स्थानीय जात वा तिनको बर्णशंकर<br>२. जातिय गुणः जात अनुसारको गुणहरु प्रष्ट देखिने<br>३. तौलः कम्तिमा २० कि.ग्रा. जिवित तौल भएको<br>४. उमेरः ६ महिना देखि २ बर्ष भित्रको<br>५. प्रजनन अंगः कुनै बिकृती नभएको<br>६. शारीरिक बनावटः कुनै बिकृती नभएको<br>७. मध्य पहाडी क्षेत्रमा उत्पादन भएको<br>८. स्वास्थ्य अवस्थाः निरोगी र निरोगिताको प्रमाणपत्र भएको | २७००० | १००० | शिलबन्दी दरभाउपत्र मान्य हुने अवधि ४५ दिन हुनेछ । | २०७९/१२/०४ गते कार्यालय समय भित्र | २०७९/१२/०५ गते दिनको १२ बजे सम्म | २०७९/१२/०५ गते दिनको २ बजे |

अध्यक्ष

१. शिलबन्दी दरभाउपत्र पेश गर्न ईच्छुक र योग्य दरभाउपत्र दाताहरूले थप जानकारीको लागि गुल्मीदरबार गाउँपालिकाको वेवसाइटwww.gulmidarbarmun.gov.np सूचना पाटी नव प्रभात युवा संघ गुल्मीको परियोजना कार्यालय गुल्मीदरबार गाउँपालिका ३ गौडाकोट, शाखा कार्यालय तम्घास, मुख्य कार्यालय छत्रकोट ३ लुम्छामा वा npys.gulmi@gmail.com ९८५७०६४९३७ र ९८४७२२४६२४ मा सम्पर्क राख्न सकिनेछ ।

२. योग्य दरभाउपत्र दाताले मिति २०७९।११।२० गते सूचना प्रकाशन भएको मितिले १५ दिन अर्थात २०७९।१२।०४ गतेका दिन कार्यालय समय भित्रमा १,००० रुपैयाँ (फिर्ता नहुने) साईन रेसुङ्गा डेभलपमेन्ट बैंङ्क तम्घास गुल्मीमा यस संस्थाको नाममा रहेको खाता नं ०१२००४०००५४८८९००००१ वा नगदै दस्तुर तिरी नव प्रभात युवा संघको कार्यालय तम्घास गुल्मीमा पेश गरी शिलबन्दी दरभाउपत्र सम्बन्धी कागजात खरिद गर्न सक्नेछन् ।

३. शिलबन्दी दरभाउपत्र सूचना प्रकाशन गरेको मितिबाट कम्तिमा १६ औ दिन अर्थात २०७९।१२।०५ गतेको दिनको १२:०० बजे भित्र नव प्रभात युवा संघको कार्यालय तम्घासमा पेश गर्नुपर्नेछ । उल्लिखित समयभन्दा ढिलो गरी प्राप्त भएका दरभाउपत्र अस्वीकृत गरिनेछ ।

४. प्राप्त भएका शिलबन्दी दरभाउपत्रहरु २०७९।१२।०५ गते दिनको २ बजे नव प्रभात युवा संघको कार्यालय तम्घास गुल्मीमा खोलिनेछ । दरभाउपत्रको मान्य अवधि दरभाउपत्र खोलिएको दिनदेखि गणना हुने गरी कम्तिमा ४५ दिन हुनुपर्नेछ । दरभाउपत्रको साथ रु २७,००० (अक्षरुपी सत्ताईस हजार रुपैया मात्र) दरभाउपत्र जमानत अनिवार्य रुपमा पेश गर्नुपर्नेछ र त्यस्तो दरभाउपत्र जमानतको मान्य हुने अवधि दरभाउपत्रको मान्य अबधिभन्दा कम्तिमा पनि ३० दिन बढी हुनु पर्नेछ । दरभाउपत्रदाताले जमानत बापत नगदै राख्न चाहेमा साईन रेसुङ्गा डेभलपमेन्ट बैंङ्क तम्घास गुल्मीमा यस संस्थाको नाममा रहेको खाता नं ०१२००४०००५४८८९००००१ मा त्यस्तो रकम जम्मा गर्न सकिनेछ र रकम जम्मा गरेको भौचर शिलबन्दी दरभाउपत्र साथ पेश गर्नुपर्नेछ।

५. दरभाउपत्र खरिद गर्ने, पेश गर्ने वा खोल्ने दिन सार्वजनिक विदा पर्न गएमा त्यसपछिको लगत्तै कार्यालय खुलेको दिनलाई अन्तिम दिन मानिनेछ । यस्तो अवस्थामा दरभाउपत्र तथा दरभाउपत्र जमानतको मान्य अवधि साविककै मितिदेखि गणना गरिनेछ ।

६. शिलबन्दी दरभाउ पत्र स्वीकृत गर्ने रद्द गर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार नव प्रभात युवा संघ गुल्मीमा सुरक्षित रहनेछ ।

७. शिलबन्दी दरभाउ पत्र सम्बन्धी अन्य शर्तहरु शिलबन्दी फाराममा उल्लेख गरिएबमोजिम हुनेछ।

अध्यक्ष

नव प्रभात युवा संघ
स्था: २०५१
छत्रकोट-३, लुम्छा, गुल्मी